# यशोधरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बैदौली, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :-२०७८/७९
चलानी नम्बर :-

मिति : २०७९। ०३।०५

**विषय: आ. ब. ०७८।०७९ को भुक्तानी तथा खाता बन्द सम्बन्धमा ।**

**श्री वडा कार्यालयहरु सबै,**

**श्री विषयगत शाखा सबै,**

**श्री सम्पूर्ण संघ संस्था तथा सरोकारवालाहरु,**

**श्री निर्माण ब्यवसायीहरु, उपभोक्ता समितिहरु,**

**यशोधरा गाउँपालिका, बैदौली,कपिलवस्तु ।**

प्रस्तुत सम्बन्धमा आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३०(१) अनुसार भुक्तानी दिनुपर्ने रकम आर्थिक बर्ष समाप्त हुनुभन्दा ७ दिन अगावै भुक्तानी दिइ लेखा अध्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने ब्यवस्था भए बमोजिम यस आ ब का सम्पूर्ण योजना तथा कार्यक्रमहरुको मिति २०७९।३।१५ भित्र कार्य सम्पन्न गरी मिति २०७९।३।२० भित्र रकम भुक्तानीको लागि कार्यालयमा पेश गरी सक्नुपर्नेछ ।

यस कार्यालयलाइ संघिय सरकार, प्रदेश सरकार बाट प्राप्त शसर्त अनुदानका रकमहरु सोही आर्थिक बर्ष भित्र खर्च हुन नसकेमा आर्थिक बर्ष समाप्त हुन अगावै फिर्ता गर्नुपर्ने कानूनी ब्यवस्था रहेको तथा विभिन्न कर,दस्तुर लगायतका दाखिला गर्नुपर्ने राजश्वहरु समेत आर्थिक बर्ष भित्रै दाखिला गरी हिसाब मिलान गर्नुपर्ने भएको हुँदा भुक्तानी लिनुपर्ने भए आवश्यक कागजात सहित तोकिएको समय भित्र भुक्तानी लिइ फरफारक गर्नु गराउनु हुन अन्यथा समय सिमा पछि भुक्तानी माग गरेको कारण बाट भुक्तानी नभएको खण्डमा कार्यालय जवाफदेही नहुने ब्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

**<u>अवगतार्थ:</u>**

**श्रीमान् गाउँपालिका प्रमुख ज्यू, यशोधरा गाउँपालिका ।**

**श्रीमान् गाँउपालिका उप प्रमुख ज्यू, यशोधरा गाउँपालिका ।**

सूचना प्रविधि अधिकृत: सूचना अपलोड गर्नुहुन ।

निराजनराज लम्साल
लेखा अधिकृत

तेजबहादुर सिह
प्रमुख प्रशासकीय अधिकृत

CamScanner